नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**(सूचना तथा विद्युतीय शासन शाखा)**
फोन:- ०१-४२००३०९

पत्र संख्या:- ०७४।०७५
चलानी नं:- 69

सिंहदरबार, काठमाण्डौ

मिति: २०७४।१०।१९

श्री स्थानीय तहहरु सबै,

विषय: जनचेतनामूलक कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट प्राप्त मिति २०७४।१०।१०, च.नं. ९५५ को पत्रको छायाप्रति यसैसाथ संलग्न छ । सो बमोजिम जनचेतनामूलक कार्यक्रम आयोजना गर्ने/गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

............................
(कृष्ण राज अर्याल)
शाखा अधिकृत

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**बाल स्वास्थ्य महाशाखा**

निर्देशक : ४२६१६६०
खोप शाखा : ४२६२२६३ (Fax)
IMCI शाखा : ४२१९२१८
पोषण शाखा : ४२२५५५८
योजना तथा अनुगमन शाखा: ४२६६५७३

प.सं. २०७४/०७५ च.नं. ९५५

मिति:२०७४।१०।१०

श्री संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंह दरबार ।
श्री कृषि विकास मन्त्रालय, सिंह दरबार ।
श्री शिक्षा मन्त्रालय, सिंह दरबार ।
श्री पशु पंक्षी विकास मन्त्रालय, सिंह दरबार ।
श्री खानेपानी तथा सरसफाई मन्त्रालय, सिंह दरबार ।
श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंह दरबार ।

**विषय: "आयोडिन महिना २०१८" संचालन सम्बन्धमा ।**

विश्वका अधिकांश देशहरुमा व्याप्त आयोडिनको कमीले हुने विकृतिहरु नियन्त्रणको लागि जनचेतना जगाउने उद्देश्यले फेब्रुवरी महिनालाई विषेश महिनाको रुपमा मनाउँदै आइरहेको व्यहोरा अवगतै होला । विगतका वर्षहरुमा झैं यस वर्ष **फेब्रुवरी २०१८** मा पनि नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तर्गत देशभर आयोडीनको कमीले हुने विकृतिहरुको बारे जानकारी दिई नियन्त्रण गर्ने उपायहरुका बारे जनचेतना जगाउनको लागि फेब्रुवरी महिनालाई **"आयोडीनको कमीले हुने विकृतिहरु सम्बन्धी जनचेतना जगाउने महिना"** को रुपमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी संचालन गर्न गइरहेका छौं ।

पोषणको दृष्टिकोणबाट शरिरमा आयोडिनको पर्याप्त आपूर्ति हुनु निकै जरुरी रहेकोबारे यहाँहरुलाई विदितै होला । साथै कतिपय जिल्लाहरुमा कम घरधुरीहरुले मात्रै दुई बालबालिकाको चिन्ह अंकीत आयोडिनयुक्त प्याकेट नूनको उपयोग गर्ने गरेको पाईएकोले समुदायस्तरमा अझै यस सम्बन्धि जनचेतना जगाउन आवश्यक छ । विगतका वर्षहरुमा आयोडिन महिना सफलताका साथ सम्पन्न गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । यस वर्ष पनि यस महिनाव्यापी कार्यक्रममा तहाँ मन्त्रालय अन्तर्गतका निकायहरु मार्फत आयोडीनको कमीले हुने विकृतिहरुको बारे व्यापक जानकारी दिई नियन्त्रण गर्ने उपायहरुका साथै "दुई बालबालिकको चिन्ह" अंकीत आयोडिनयुक्त प्याकेट नूनको उपयुक्त प्रयोगका बारेमा जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी कार्यक्रम मनाउनुहुन, तत्सम्बन्धि कार्यक्रमहरुमा सहभागी गराउन तथा आवश्यक सहयोग प्रदान गराउन हुनको लागि अनुरोध छ ।

..................
डा.विकास लामिछाने
निर्देशक

**बोधार्थ** :
१. सामाजिक विकास महाशाखा, राष्ट्रिय योजना आयोग, सिंह दरबार ।